# त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा बल्खु

मिति: २०८०।०५।२७

**खुल्ला तथा दूर सिकाई (ODL) को स्नातकोत्तर तह MES-DP (Master of Educational Scíece in Digital Pedagogy)) प्रथम सेमेस्टरको परीक्षा आवेदन फारम भर्ने सम्बन्धी सूचना**

यस संकायअन्तर्गत सञ्चालित खुल्ला तथा दूर सिकाईको स्नातकोत्तर तह Master of Educational Sceince in Digital Pedagogy (MES DP) कार्यक्रम प्रथम सेमेस्टर (नियमित) को २०८० साल मंसिर महिनामा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले आफ्नो क्याम्पसमा सम्पर्क गरी यही २०८० साल असोज २० गतेसम्म अनलाईन मार्फत परीक्षा फारम भर्ने /भराउन सम्वन्धित सवैलाई सूचित गरिएको छ । तोकिएको म्याद भित्र परीक्षा फारम भर्न छूट हुने विद्यार्थीहरुले यही २०८० साल असोज २१ गतेदेखि २०८० साल असोज २७ गतेसम्म दोव्वर शुल्क तिरी परीक्षा फारम भर्ने व्यवस्था गरिएको हुँदा सम्वन्धित सवैलाई सूचित गरिन्छ। ।

पुनश्चः

- विद्यार्थीहरुले यस संकायको वेवसाइटः www.tufoe.edu.np मा गई त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फराम भर्न सकिनेछ ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि रु. २५००।- शुल्क लाग्नेछ जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ। परीक्षा फारमवापत संकलित रकम सम्बन्धित क्याम्पसले यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयको बैंक खातामा तोकिएको समयभित्र जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर बैंक दाखिला भएको मितिले १ महिना भित्र यस कार्यालयको लेखा शाखामा जम्मा गर्नुपर्नेछ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ। Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ। साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण परीक्षा सुरु हुनु अगावै डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत र स्थानान्तर पत्र (यदि अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा मात्र) अपलोड् गर्नुपर्नेछ।
- Online परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ।

सहायक डीन